# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

प.सं.: २०७९/०८० प्रशासन शाखा — बागमती प्रदेश, नेपाल ।

च.नं. : १८२९

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

मितिः २०८०/०१/२४

श्री मनहरी गाउँपालिका
सबै शाखा/ उपशाखा प्रमुखहरु,
वडा कार्यालय/ वडा सचिवहरु ,
मनहरी मकवानपुर ।

विषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०८०/०१/२१ गते बसेको आ.व. ०७९/०८० को सोह्रौँ गाउँ कार्यपालिकाको बैठकको निर्णय पाना आठ (८) थान यसै पत्र साथ संलग्न छ । सोही बमोजिम तहाँसँग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कारबाही गर्नु गराउनु हुन अनुरोध छ ।

१/२४

.............................
(मोहनकुमार श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

आज मिति २०८०/०१/२१ गते बिहिबार बिहान ८:०० बजे आ.व. २०७९/८० को यस मनहरी गाउँ कार्यपालिकाको सोह्रौँ बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो।

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

श्री सिर्जना बर्तौला    सहायक पाँचौ    प्रशासन शाखा

२०८० बैशाख २१ गते बसेको गाउँ कार्यपालिकाको सोह्रौं बैठकको छलफलका विषयहरु :

१. योजना सम्झौता गर्ने समय सीमा सम्बन्धमा ।

२. विभिन्न व्यक्ति तथा संस्थाबाट योजना/आर्थिक सहायता माग भई आएको सम्बन्धमा

३. हाते पम्प (ट्युबवेल धारा)को दर रेट कायम गर्ने सम्बन्धमा ।

४. मनहरी खोलाको र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

५. गाउँ सभाका बाह्रौं अधिवेशनको निर्णय नं. २ बमोजिम वडा नं. ६ एक्लेढुङ्गादेखि बालभञ्याङ जोड्ने अपुरो सडक निर्माण सम्बन्धमा ।

६. सिलाई कटाइ तालिम तथा लोक सेवा आयोग तयारी कक्षा सम्बन्धमा ।

७. अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना कार्यक्रमको सि.वि.आर. समन्वय तथा अनुगमन समितिका सदस्यहरु तोक्ने सम्बन्धमा ।

८. लोथर खोलाको नदीजन्य पदार्थ निकाल्ने सम्वन्धी बोलपत्र स्वीकृत गर्ने सम्वन्धमा ।

९. पद रिक्त भई सो स्थानमा पदपूर्ति सम्बन्धमा ।

१०. भिडियो एक्सरे मेशिन खरिद सम्बन्धमा ।

११. रोजगार संयोजकको पदपूर्ति समितिको संयोजक तोक्ने सम्बन्धमा ।

१२. वडास्तरीय योजना संशोधन सम्बन्धमा ।

१३. मनहरी गाउँपालिका जेष्ठ नागरिक समन्वय समिति सम्बन्धी (गठन तथा कार्य सञ्चालन) कार्यविधि, २०७९ संशोधन सम्बन्धमा ।

१४. संघीय सरकारसँग योजना माग गर्ने सम्बन्धमा ।

१५. जनलागत सहभागीताका योजनाहरु माग भई आएको सम्बन्धमा ।

१६. तत्काल सडक सञ्चालनको लागि ब्याक हो लोडरको माग भएको सम्बन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको मिति २०८० बैशाख १० गतेको निर्णयानुसार आर्थिक बर्षको अन्तिम हुन लागेको तथा बर्षात लगायतका कारण अन्त्यमा योजना कार्यान्वयन गर्ने सिलसिलामा आवश्यक काम गर्न तथा सामग्री ढुवानी गर्न

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

कठिनाई हुने तथा सो को स्थलगत अनुगमन तथा सुपरीवेक्षण गर्न कठिनाई हुने हुँदा योजना सम्झौताको अवधि २०८० जेठ ५ गतेसम्म कायम गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा गर्दा गाउँपालिकासँग तपसिल बमोजिमको विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएकोमा तपसिल बमोजिम शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/ योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | माग गर्नेको विवरण | प्रयोजन | शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | फूलमाया मुक्तान मनहरी ६ | आगलागीका कारण घर क्षति भएकोले बास निर्माण | विपद् व्यवस्थापन कोष | २०,०००। | |
| २. | राजकुमार मुक्तान मनहरी ६ | आगलागीका कारण घर क्षति भएकोले बास निर्माण | विपद् व्यवस्थापन कोष | २०,०००। | |
| ३. | कुलबहादुर मुक्तान मनहरी ६ | आगलागीका कारण घर क्षति भएकोले बास निर्माण | विपद् व्यवस्थापन कोष | २०,०००। | |
| ४. | सशस्त्र प्रहरी बल नेपाल, सुरक्षा बेस कत्ले खोला | खानेपानीको मोटर बिग्रिएको र सो को निर्माण | अन्य सार्वजनिक निर्माण थप पूर्वाधार | १५,०००। | |
| ५. | मानव सेवा आश्रम मकवानपुर हेटौडा | सहयोगापेक्षी सडक मानवको व्यवस्थपनको लागि सहयोग | आर्थिक सहायता | ५०,०००। | |
| ६. | डिल्लीपुर खानेपानी तथा सरसफाई उपभोक्ता समिति मनहरी ५ | एक घर एक धारा कार्यक्रम सञ्चालनार्थ पाइप नपुग भएको | अन्य सार्वजनिक निर्माण थप पूर्वाधार | ८०,०००। | खरिद गरी हस्तान्तरण |
| ७. | कार्की खोल्सादेखी जरुङ्गे डाँडासम्म सिञ्चाई मनहरी ४ | खेती बाली लगाउन पानीको अभाव भई सिञ्चाइ निर्माण | अन्य सार्वजनिक निर्माण थप पूर्वाधार | ३,००,०००। | |
| ८. | रेणुका चौधरी मनहरी ६ | पति समिर परियारको भिमफेदी कारागारमा मृत्यु भई काज किरिया गर्न आर्थिक सहयोग माग भएको | आर्थिक सहायता | १०,०००। | भुक्तानी रकम अनुमोदन |
| ९. | निर्मल वस्ती नाला निर्माण मनहरी ७ | तत्काल नाला व्यवस्थापन नहुँदा वर्षा याममा रोगव्याधी बढ्ने हुँदा नाला निर्माण | अन्य सार्वजनिक निर्माण थप पूर्वाधार | २,२५,००० । | |
| १०. | विप्लेश्वर मन्दिर तथा | मन्दिरको लागि खानेपानी | अन्य सार्वजनिक | ८५५८। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | भट्टटोल खानेपानी मनहरी ३ | व्यवस्थापन | निर्माण थप पूर्वाधार | | |
| ११. | जैसिङ टोल खानेपानी मर्मत मनहरी ९ | तत्काल खानेपानी आपूर्तिको व्यवस्था मिलाउन | अन्य सार्वजनिक निर्माण थप पूर्वाधार | २७४१७। | |
| १२. | हाङलाङ खानेपानी मर्मत मनहरी ६ | तत्काल खानेपानी आपूर्तिको व्यवस्था मिलाउन | अन्य सार्वजनिक निर्माण थप पूर्वाधार | २३८०४। | |
| १३. | वसन्तपुर राईटोल स्थित शाखा बाटोहरुमा पर्खाल निर्माण | वसन्तपुर राईटोल स्थित शाखा बाटोहरुमा बर्षातका पहिरो लागि सडक अवरुद्ध हुने कारण जोखिम बढेको | विपद् व्यवस्थापन कोष | २,५०,०००। | |
| १४. | पर्सा राष्ट्रिय निकुञ्ज पदमपोखरी सेक्टर लामिटारमा गोलघर निर्माण | सेवाग्राहीहरुको लागि प्रतिक्षा गर्न र विश्राम गर्न कार्यालय अगाडी गोलघर निर्माण | अन्य सार्वजनिक निर्माण थप पूर्वाधार | ३,००,०००। | |

साथै फूलमाया मुक्तान मनहरी ६, राजकुमार मुक्तान मनहरी ६ र कुलबहादुर मुक्तान मनहरी ६ को घरमा आगलागी पश्चात तत्काल गाउँपालिका अध्क्षयज्यूद्वारा पीडित परिवारलाई खाद्य सामग्री लगायतका सामग्री वडा नं. ६ का वडा अध्यक्ष तथा वडा सदस्यहरुको उपस्थितीमा उपलब्ध गराईएको र सो राहत उपलब्ध गराउँदा खर्च भएको रु. १३,०००। समेत विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०७९ पौष २९ गते वसेको गाउँ सभाको बाह्रौ अधिवेशनबाट विभिन्न वडाहरुमा खानेपानी धारा लागि निर्माण सामग्री सहयोग शीर्षकमा रु. तीन लाख विनियोजन गरिएको सो अनुसार खरिद कार्यका लागि जिल्ला दररेटमा हाल वजारमा प्राप्त हुन नसक्ने हाते पम्पको गुणस्तर तथा दररेट स्वीकृत भएको पाईएकाले खरिद कार्य गर्न कठिनाई भएका कारण वजारमा दररेट माग गर्दा देहाय अनुसारको मु.अ.कर वाहेकको दररेट प्राप्त भएकोले कार्यालयले कायम गर्ने दररेटमा नवढने गरी लागत अनुमान तयार गरी खरिद कार्य गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

| फर्म/सप्लायर्सको नाम | लाईट क्वालिटी २० के.जि.को दर | मिडियम क्वालिटी २४-२५ के.जि.को दर | हेभी क्वालिटी २८-३० के.जि.को दर | कैफियत |
|---|---|---|---|---|
| अधिकारी सप्लायर्स मनहरी ९ | ३८५०.०० | ४४५०.०० | ५७५०.०० | सबैभन्दा घटि दर कायम गरिएको |
| वाशुदेव हार्डवेयर एण्ड सप्लायर्स हेटौडा २ | ४०००.०० | ४५००.०० | ५८००.०० | |
| तार्केश्वर हार्डवेयर एण्ड सप्लायर्स कान्तिराजपथ | ३८५०.०० | ४४५०.०० | ५७५०.०० | |
| एच.एण्ड एस. सप्लायर्स मनहरी ९ | ३७५०.०० | ४३५०.०० | ५६५०.०० | |
| कार्यालयले कायम गर्ने दर | ३७५०.०० | ४३५०.०० | ५६५०.०० | |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ७ र ८ को सीमा भई बग्ने मनहरी खोला वारपार गर्ने मनहरी पुलको उत्तर तर्फको ५०० मिटर भन्दा बाहिरको बगर क्षेत्रमा गाउँपालिकाको कार्यालय प्रस्तावक भई नदीजन्य पदार्थ हटाउने सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदन प्राविधिक समितिको सिफारिस सहित संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ दफा ७ को उपदफा ४ बमोजिम कार्यपालिकामा पेश भएको प्रतिवेदन उपर छलफल भई सन्तोषजनक देखिएकोले देहाय बमोजिम प्रस्ताव स्वीकृत गर्दै परामर्शदाता श्री सिस्टमेटिक ईञ्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. सँग गरेको सम्झौता अनुसार रकम भुक्तानी गर्ने निर्णय गरियो ।

देहाय

| स्थान र क्षेत्र | स्थान | औषत क्षेत्रफल वर्ग मि. | औषत गहिराई | मौजुदा परिमाण | उत्खनन गर्ने सकिने परिमाण घ.मि. | कैफियत |
|---|---|---|---|---|---|---|
| मनहरी खोला प्याकेज १ | ८४° ४९' ३०.८६" देखि ८४° ४९' १३.०५" २७° ३२' ४८.०१९" देखि २७° ३२' ५६.३५" | ३२०१९.३९ | २.१५ | ६८,८४१.६९ | ६५,३९९.६० | |
| मनहरी खोला प्याकेज २ | ८४० ४९' ११.४७८" देखि ८४० ४९' ०.३" २७० ३२' ५६.३५.७" देखि २७० ३२' ४६.६७" | ३३,५९७.४४ | २.१५ | ७२,२३४.४९६ | ६८,६२२.७७ | |
| मनहरी खोला प्याकेज ३ | ८४° ४८ ५९.०६२" देखि ८४° ४८ ३५.५४" २७° ३२' ४६.३५" देखि २७° ३२' २३.५५" | ३५,२५५.३१ | २.१५ | ७५,७९८.९२ | ७२,००८.९७ | |
| मनहरी खोला प्याकेज ४ | ८४° ४८ ५९.६१" देखि ८४° ४८ ३७.२४" २७° ३२' ४५.७४" देखि २७° ३२' ४२.५०" | ४१,६९३.०३ | २.१५ | ८९,६४०.०१५ | ८०,६७६.०१४ | |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ६ को एक्लेढुङ्गादेखि बालभञ्याङसम्म जोड्ने सडक पूरा नहुँदा सडक सुचारु हुन नसकेको कारण गाउँ सभाका बाह्रौं

अधिवेशनको निर्णय नं. २ मा उल्लेख भए बमोजिम एक्लेढुङ्गादेखि बालभञ्ज्याङ जोड्ने अपुरो सडक मनहरी ६ तथा लामिटार थोक्रा टोल सार्वजनिक शौचालय र ट्युवेल निर्माण मनहरी शीर्षकमा रु ३,००,०००।-शीर्षकमा बजेट विनियोजन भएकाले हुँदा विनियोजित रकम बराबरको निर्माणको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. ०७९/०८० को स्वीकृत कार्यक्रममध्ये लोकसेवा तयारी कक्षा सञ्चालन विपन्न वर्गको इच्छुक विद्यार्थी छनौट गरी शीर्षकमा विनियोजित रु. ६,००,०००। मध्येबाट तयारी कक्षा सञ्चालनका लागि गाउँपालिकामा सुचिकृत फर्महरुसँग प्रस्ताव माग गर्दा रीत पूर्वक पर्न आएका तीनवटा प्रस्तावहरुमध्ये सबै भन्दा कम रकममा प्रस्ताव पेश गर्ने पेन्टागन एकेडेमी हेटौडा प्रा.लि. हेटौडा-४ मकवानपुरसँग मिति २०७९।१२।१३ गते भएको सम्झौता तथा महिला बालबबालिका तथा समाज कल्याण शाखा अन्तर्गतको मागको आधारमा सिप विकास तालिम शीर्षकमा विनियोजित रु ७,००,०००। मध्येबाट महिला समन्वय समितिको निर्णय बमोजिम एड्भान्स सिलाई कटाई तालिम सञ्चालन गर्नको लागि गाउँपालिकामा सुचिकृत फर्महरुसँग प्रस्ताव माग गर्दा रीत पूर्वक पर्न आएका तीनवटा प्रस्तावहरुमध्ये सबै भन्दा कम रकममा प्रस्ताव पेश गर्ने महिला सशक्तिकरण तथा गरिबी निवारण समूह नेपाल हेटौडा-५ मकवानपुरसँग मिति २०८०।०१।०६ मा भएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्थानीय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिन अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना कार्यक्रमको सि.वि.आर. समन्वय तथा अनुगमन समितिका देहायका सदस्यहरुलाइ तोक्ने निर्णय गरियो ।

क. अपाङ्गता सम्बन्धी काम गर्ने संघ/संस्थाको प्रतिनिधि श्री दिलबहादुर स्याङबो मनहरी ७

ख. अपाङगता भएका व्यक्तिको परिवारको सदस्य मध्येबाट श्री रामप्रसाद रिजाल मनहरी ३

८. प्रस्ताव नं. ८ माथि छलफल हुँदा मनहरी गाउँपालिका र राप्ती नगरपालिकाको सीमा भई वग्ने लोथर खोलावाट नदीजन्य पदार्थहरु निकाल्ने सम्वन्धी मिति २०७९/१२/१६ गते प्रकाशित बोलपत्र अनुसार न्यूनतम कबोल रकम रु. १,७७,७१,५००.०० (मु.अ.कर वाहेक) मा श्री महारुद्र कन्स्ट्रक्सन मनहरी ७ ले कवोल गरेको रकम रु. १,८०,००,०००.०० वढावढको आधारमा रु. २,२८,५००.०० वढेको अर्थात न्यूनतम कबोल अंक भन्दा को कबोल रकम १.२९ प्रतिशत वढेको र प्राविधिक समितिको मुल्याङ्कन सहित सिफारिस प्राप्त भएकाले सूचनाको शर्त बमोजिम हुने गरी रु २,०३,४०,०००.०० (मु.अ.कर सहित) को ४० प्रतिशत नगद र बाँकी ६० प्रतिशतको नियमानुसार बैक ग्यारेन्टी लिई

निज प्रस्तावदाताको बोलपत्र स्वीकृत गर्ने र सम्झौताका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकामा अन्तर्गत जनमुखी सामुदायिक स्वास्थ्य केन्द्रमा अ.हे.व. श्री सुमित्रा न्यौपानेले आफ्नो घरायसी कारण देखाई दिएको राजिनामा मिति २०८० बैसाख १ गतेबाट लागू हुने गरि स्वीकृत भएको र स्वास्थ्य कर्मी अभावमा स्वास्थ्य संस्थाले तोकिए बमोजिम सेवा उपलब्ध गराउन कठिनाई भएको हुँदा करार सेवामा श्रेणी विहिन कर्मचारी र प्राविधिक कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०७८ बमोजिम पद पूर्ति गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मनहरी गाउँपालिकाको मातहतमा रहेको एकमात्र अस्पताल मनहरी अस्पतालमा दिन प्रतिदिन सेवाग्राहीको चाप बढ्दो रुपमा रहेको अस्पतालबाट समेत भिडियो एक्सरे मेशिन माग भएको हुँदा गाउँपालिकाको बजेटमा स्वास्थ्य संस्थामा निशुल्क औषधि खरिद शीर्षकमा विनियोजित रकम मध्ये औषधि खरिद गरी बाँकी रहेको रकमबाट बढीमा रु. १०,००,०००। सम्मको भिडियो एक्सरे मेशिन तथा प्रिन्टर खरिद गरी अस्पताललाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा मनहरी गाउँपालिकामा रोजगार संयोजकको रुपमा कार्यरत श्री शारदा पोखरेलले आफ्नो पदबाट २०७९।१२।१ गतेबाट स्वेच्छाले राजिनामा दिनु भएको हुँदा अर्को व्यवस्था नभएसम्मको लागि प्रचलित कानून बमोजिम करारमा पदपूर्तिको प्रकृया अगाडी बढाउन मिति २०७९।१२।१६ को बैठकले निर्णय गरिसकेको र रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा ६ क बमोजिम पदपूर्ति समितिको संयोजक गाउँ कार्यपालिकाले तोकेको निजामती सेवाको राजपत्राकिंत द्वितीय श्रेणीको कर्मचारी आवश्यक पर्ने हुँदा मिति २०७९।१।२७ मा बसेको बैठकले गरेको निर्णय रद्द गरी मालपोत कार्यालयका प्रमुख मालपोत अधिकृत श्री ओमबहादुर अधिकारीलाई तोक्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा आ.व. ०७९/०८० को स्वीकृत वडास्तरीय योजनाहरु विविध कारणले कार्यान्वयन तथा सञ्चालन गर्न कठिनाई रहेको व्यहोरा सहित वडा कार्यालयको सिफारिस प्राप्त हुन आएको हुँदा तपसिल बमोजिमका योजना संसोधन गर्ने निर्णय गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

२०७८० बैशाख २१ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

| क्र.सं. | योजनाको नाम | रकम | क्र.सं. | संसोधित योजना | रकम |
|---|---|---|---|---|---|
| १. | ट्युवेल धारा खानेपानी मनहरी ८ | रु.२,००,०००। | १. | सडक बत्ति जडान मनहरी ८ गा.पा. बाट खरिद तथा हस्तान्तरण | रु. १,००,०००।- |
| २. | सानुकृष्णको घर देखी मुक्तान टोलसम्म बाटो स्तरीकरण मनहरी ४ | रु. ५,००,०००।- | २. | ट्वाङ्ग्रा नाला निर्माण मनहरी ४ | रु. १०,००,०००।- |
| ३. | तारुबास बाटो सहित तटबन्धन मनहरी ४ | रु. ५,००,०००।- | | | |

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा मनहरी गाउँपालिका जेष्ठ नागरिक समन्वय समिति (गठन तथा कार्य सञ्चालन )कार्यविधि, २०७९ को दफा ३ ख मा रहेको कार्यपालिकाले मनोनित गर्ने गाउँपालिका भित्रका जेष्ठ नागरिकको हक, अधिकार र विकासको क्षेत्रमा क्रियाशिल एकजना सदस्य को सट्टा समितिको अध्यक्षले मनोनित गर्ने गाउँपालिका भित्रका जेष्ठ नागरिकको हक, अधिकार र विकासको क्षेत्रमा क्रियाशिल एकजना सदस्य कायम गर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा मनहरी रहेको गाउँपालिकाको श्रोतको सीमितता तथा विकासका आवश्यकताका कारण गाउँपालिका आफैले सञ्चालन गर्न नसक्ने तपसिल बमोजिमका ठूला योजनाहरु आर्थिक बर्ष २०८०/०८१ मा कार्यान्वयन हुने गरी आवश्यक बजेट विनियोजन गरिदिनको लागि संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**योजनाको नाम तथा ठेगाना**

१. महादेवस्थान पर्ता सडक स्तरोन्नती मनहरी १

२. धैयाडाँडा सडक स्तरीकरण मनहरी १

३. विक्रमपर्ता हुँदै झुल्यान जोड्ने ठाडोखोला पुल मनहरी २

४. ठाडोखोला तटबन्धन मनहरी २

५. कालीदमार बृहत खानेपानी योजना मनहरी ३

रन्जन कालाखेती

६. नवजागृती प्रा.वि. देखी वडा कार्यालय जाने कृषि कृषि बाटो स्तरीकरण मनहरी ३

७. ट्वाङ्ग्रा ज्यामिरे सडक स्तरीकरण मनहरी ४

८. लोपोन्मुख जाती बनकरीया बस्ती संरक्षण मनहरी ४

९. बसन्तपुर लिफ्ट सिंचाई मनहरी ५

१०. दर्दरा कृषि सडक स्तरीकरण मनहरी ५

११. जोगीताल तटबन्धन मनहरी ६

१२. प्रगती राष्ट्रिय प्रा.वि. देखि डाँडागाउँ जाने सडक स्तरीकरण मनहरी ६

१३. रमौली बृहत सिंचाई मनहरी ७

१४. रंगशाला जाने बाटो कालोपत्रे मनहरी ७

१५. सिमपानी बसपार्क मनहरी ८

१६. देउकोट लिफ्ट सिंचाई योजना मनहरी ८

१७. ढकाल खोल्सा नियन्त्रण पुल मनहरी ९

१८. रजैया चोक हुँदै आश्रमबाट बस्ती बचाउ तटबन्धन मनहरी ९

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा लागत सहभागितामा काम गर्ने गरि ऋषेश्वर महादेव मन्दिर मर्मत तथा व्यवस्थापन निर्माणको लागि वडा नं. ८ को सिफारिस सहित योजना माग भई आएको तथा विगतको गाउँ कार्यपालिकाको निर्णयबाट बाँडफाँड भई बाँकी रहेको जनलागत सहभागीताका योजनाहरु शीर्षकको रकमबाट खर्च हुने गरी रु. ६,००,०००। (उपभोक्ता समितिबाट रु २,४०,०००।- र गाउँपालिकाबाट ३,६०,०००।-) बेहोर्ने गरी रकम उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

१६. प्रस्ताव नं. १६ माथि छलफल गर्दा लामिटार चकरी सडक स्तरोन्नतीको लागि निर्माण व्यावसायीसँग सम्झौता भई वडा नं. १ र ३ मा कामकाज भइरहेको तथा सोही निर्माणको कारण विगत केही समयदेखि सडक अवरुद्ध भई सवारी साधन आवागमनमा समस्या उत्पन्न भएको र गुनासो आएको हुँदा तत्काल वैकल्पिक सडक सञ्चालन गर्न सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र प्राप्त भएको हुँदा गाउँपालिको ब्याक हो लोडर पठाई वडा नं. १ मा आते जाते सहित ७ घण्टा र वडा नं. ३ मा आतेजाते सहित ४ घण्टा काम गर्ने र सो को लागि गाउँपालिकाले ब्याक हो लोडर पठाई आवश्यक इन्धन उपलब्ध गराउने निर्णय गरियो ।

उपरोक्त प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मत निर्णय गरियो ।